## उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक पुस्तिका

बैठक संख्या -११५

आज मिति २०८२/०१/२३ गतेको दिन यस उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री माधवप्रसाद अर्यालज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी देहायका निर्णयहरु गरियो ।

<u>उपस्थिति</u>

| क.स | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री माधवप्रसाद अर्याल | अध्यक्ष | [signature] |
| २ | श्री चमेली गुरुङ | उपाध्यक्ष | [signature] |
| ३ | श्री मार सिङ तामाङ | वडा अध्यक्ष | [signature] |
| ४ | श्री टुकु प्रसाद सुवेदी | वडा अध्यक्ष | [signature] |
| ५ | श्री लालबहादुर तामाङ लामा | वडा अध्यक्ष | [signature] |
| ६ | श्री अमर बहादुर बुलुन | वडा अध्यक्ष | — |
| ७ | श्री यमनाथ आचार्य | वडा अध्यक्ष | [signature] |
| ८ | श्री बुटी तामाङ | सदस्य | — |
| ९ | श्री ज्ञानु विश्वकर्मा | सदस्य | [signature] |
| १० | श्री शान्ती माया तामाङ | सदस्य | [signature] |
| ११ | श्री पुतली विश्वकर्मा | सदस्य | पुतली |
| १२ | श्री पुर्ण बहादुर घले | सदस्य | [signature] |
| १३ | श्री राम बहादुर विश्वकर्मा | सदस्य | [signature] |
| १४ | श्री होमनाथ दाहाल | सचिव | [signature] |

उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक निर्णय पुस्तिका

बैठक संख्या: ११५ मिति: २०८२/०१/२३

**प्रस्तावहरु:**

१) अन्तिम भुक्तानी दिने सम्बन्धमा।

२) खानेपानी मूहानहरु दर्ता सम्बन्धमा।

३) स्थानीय किसान सूचिकरण कार्यान्वयन तथा समन्वय समिति गठन गर्ने सम्बन्धमा।

४) नारी दिवसको कार्यक्रमको भुक्तानी सम्बन्धममा।

५) कक्षा १-५ को स्थानीय पाठ्यपुस्तक छपाई सम्बन्धमा।

६) बायो इन्जिनयरिङको लागि ठाउँ तोक्ने सम्बन्धमा।

७) रुख कटान तथा व्यवस्थापनको रकम भुक्तानी गर्न सम्बन्धमा।

८) १ नं वडा कार्यालको जग्गा प्राप्ति सम्बन्धमा।

**निर्णयहरु:**

१. गट्टिखोला मुहान गरी घडेरीडाँडा, भदौरे, सिरुचेत खानेपानी आयोजनाको मिति २०८२।०१।०७ गतेको आमभेलाको निर्णय नं. ३ अनुसार थप निर्माण कार्य आवश्यक नभएको भनिएको र वडा नं १ को मिति २०८२।०१।०७ गतेको सिफारिस पत्रानुसार उक्त निर्माण कार्यको कार्यप्रगति प्रतिशत ९३.९८% मात्र भए तापनि उक्त निर्माण कार्यको कार्य सम्पन्न दिने गरी ठेक्का रद्द गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

२. यस गाउँपालिकाको क्षेत्रभित्र पर्ने खानेपानी तथा सिँचाईका मुहानहरु गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने उपभोक्ता समितिहरुको नाममा मात्र दर्ता गर्न र गाउँपालिका क्षेत्र बाहिरका उपभोक्ताहरुलाई उपयोगको अनुमति दिनका लागि सम्बन्धित उपभोक्ता समितिको अनुमति र वडाको सिफारिसबाट हुनेगरी कार्य कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

३. किसान सूचीकरण प्रणाली व्यवस्थापन तथा सञ्चालन निर्देशिका,२०८१ को दफा २२ बमोजिम स्थानीय तहमा किसान सूचिकरण सम्बन्धी कार्य सञ्चालन तथा व्यवस्थापन सहजीकरणका लागि प्रत्येक स्थानीय तहका उपाध्यक्षको अध्यक्षतामा सम्बन्धित अन्य

सरोकारवाला निकायका प्रतिनिधिहरु सदस्य रहने गरी एक किसान सूचीकरण समन्वय समिति स्थानीय तहले गठन गर्न सक्ने व्यवस्था भएको हुँदा तपसिल बमोजिमका सदस्य रहने गरी समिति गठन गर्ने निर्णय गरियो।

तपसिल

| | | |
|---|---|---|
| १. चमेली गुरुङ्ग | गाउँपालिका उपाध्यक्ष | संयोजक |
| २. प्रशासन शाखा प्रमुख | | सदस्य |
| ३. लेखा शाखा प्रमुख | | सदस्य |
| ४. सूचना प्रविधि शाखा प्रमुख | | सदस्य |
| ५. पशु सेवा शाखा प्रमुख | | सदस्य |
| ६. कृषि शाखा प्रमुख | | सदस्य सचिव |

४. ११५ औं अन्तराष्ट्रिय श्रमिक महिला दिवसका अवसरमा मारुनी नाच प्रतियोगिता कार्यक्रम TODEC Nepal द्वारा सञ्चालित रेडियो लाङटाङ ९०.३ मेगाहर्जले यस गाउँपालिकासँग मिति २०८१।११।११ गते भएको सम्झौता बमोजिम आयोजना गरेकोमा सो कार्यक्रम सम्पन्न भए पश्चात कुल रकम रु. २,५०,०००/-(अक्षेरुपी दुई लाख पाचास हजार रुपैंया मात्र) को बिल भर्पाई सहितको विवरण प्राप्त भएकोमा सो रकम रेडियो लाङटाङ ९०.३ मेगाहर्जको नाममा भुक्तानी गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

५. यस गाउँपालिकाको कक्षा १ देखि ५ सम्मको स्थानीय पाठ्यपुस्तकहरुको सफ्टकपी तयार भईसकेकोले छपाईको लागि आवश्यक प्रक्रिया अगाडी बढाउन शिक्षा युवा तथा खेलकुद शाखालाई निर्देशन दिने निर्णय गरियो।

६. यस गाउँपालिकामा गाउँपालिका कार्यालय र प्रतिवद्ध परियोजनासँगको लागत साझेदारीमा पहिरो जोखिम न्यूनिकरण गर्नको लागि बायो इन्जिनियरिङको कार्य गर्न गाउँपालिका कार्यालयको विपद् व्यवस्थापनबाट खर्च गर्ने र बायो इन्जिनियरिङ गर्ने स्थान प्रत्येक वडा कार्यालयबाट दुई वटा स्थान तोक्ने गरी कार्य अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

७. यस गाउँपालिकाको वडा नं ५ स्थित छाप, वनुवा र उत्तरगयाधाममा रहेका पुराना र जोखियुक्त रुखहरुको कटान र व्यवस्थापन कार्यमा खर्च भएको रकम वडा कार्यालयको सिफारिसमा रु.६०,०००/-(अक्षेरुपी साठी हजार रुपैंया मात्र) विपद् व्यवस्थापन शीर्षकबाट खर्च हुने गरी भुक्तानी गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

८. यस गाउँपालिकको वडा नं १ कार्यालयको लागि माथिल्लो त्रिशुली-१ ( २१६ मे.)जलविद्युत आयोजनाले जग्गा खरिद गरी सकेकोले उक्त जग्गा १ नं वडा कार्यालयको नाममा नामासरी गर्न वडा नं १ कार्यालयबाट वडा अध्यक्ष श्री मारसिंङ तामाङ र वडा सचिव श्री विकास आचार्यलाई गाउँपालिका कार्यालयबाट प्रतिनिधि तोक्ने निर्णय गरियो।